# प्रदेश भवन ऐन, २०७६

**प्रमाणीकरण मिति**
२०७६/०५/१५

संवत् २०७६ सालको ऐन नं. १३

**भवन निर्माण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** आवासीय, व्यवसायिक तथा संस्थागत भवन निर्माण कार्यलाई सुरक्षित एवं सुविधायुक्त बनाउन डिजाइन, नक्सापास, निर्माण अनुमति, मापदण्ड निर्धारण तथा नियमनका विषयमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार** (१) यस ऐनको नाम **"प्रदेश भवन ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"भवन"** भन्नाले यस ऐनको प्रयोजनका लागि आवासीय, औद्योगिक, व्यापारिक, संयुक्त आवास गृह, कार्यालय, सभागृह, अस्पताल, शीतभण्डार, संग्रहालय, होटल,स्कूल, कलेज, थिएटर, रंगशाला, बसपार्क, भ्यू टावर, घण्टा घर, प्रदर्शन भवन, संस्थागत भवन, गोदाम घर वा अन्य कुनै प्रयोगको लागि बनेको कुनै भवन सम्बन्धी संरचना सम्झनुपर्छ र सो शब्दले त्यस्तो संरचनाको कुनै भागलाई समेत जनाउँदछ।

(ख) **"भवन संहिता"** भन्नाले दफा (५) को उपदफा (१) र (२) बमोजिम प्रदेश सरकारबाट स्वीकृत प्रदेश भवन संहितालाई जनाउँदछ।

(ग) **"भवन निर्माण"** भन्नाले यस ऐन बमोजिम अनुमति लिई बनाउने, नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौसी, दलान आदि थपघट गरी बनाउने, कम्पाउण्डवाल लगाउने वा सोसँग सम्बन्धित अन्य कार्यलाई जनाउँदछ।

(घ) **"नक्सा"** भन्नाले भवन संरचना निर्माण सम्बन्धी सम्पूर्ण रेखाचित्र, विवरण र सोसँग सम्बन्धित अन्य कागजपत्रलाई जनाउँदछ।

(ङ) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिकालाई जनाउँदछ।

(च) **"नगरपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनुपर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँदछ।

(छ) **"सरकारी निकाय"** भन्नाले प्रदेश सरकारको मन्त्रालय, सचिवालय, विभाग, निर्देशनालय तथा कार्यालय सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम गठन भएको आयोग, परिषद्, समिति तथा संघ, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकाय समेतलाई जनाउँदछ।

(ज) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. १ को भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जनाउँदछ।

(झ) **"कार्यालय"** भन्नाले खण्ड (ज) बमोजिमको मन्त्रालय अन्तर्गतको कार्यालयलाई जनाउँदछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ञ) “**समिति**” भन्नाले दफा १४ बमोजिम गठन भएको भवन निर्माण समितिलाई जनाउँदछ।

(ट) "**परिषद्**" भन्नाले नेपाल ईन्जिनियरिङ परिषद्लाई जनाउँदछ।

३. **भवन निर्माण सम्बन्धी क्षेत्राधिकार** : प्रदेश भित्र कुनै व्यक्ति, संस्था वा प्रदेश र स्थानीय तहले दफा (४) बमोजिमको भवन सम्बन्धी संरचना निर्माण गर्दा यस ऐन बमोजिमको संहिता र तोकिएको मापदण्ड अनुरुप मन्त्रालयले तोकेको निकाय वा कार्यालयबाट पूर्व अनुमति लिनुपर्नेछ।

४. **भवनको वर्गीकरण** :(१) यस ऐनको प्रयोजनको लागि भवन संरचनाको निर्माण गर्दा विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इण्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनसंरचना व्यवसायिक तथा व्यापारिक एवम् सेवामूलक भवन संरचना निर्माणमा प्लिन्थ एरिया तीनहजार बर्ग फिट वा सो भन्दा बढी भुईंतला सहित सात तला वा सो भन्दा बढी उचाई भएको, संयुक्त आवास निर्माणमा पचास परिवार वा सो भन्दा बढी वा सात तला वा सो भन्दा बढी क्षमता भएको, अस्पताल निर्माणमा एक सय बेड तथा सोभन्दा बढी क्षमता भएको, सभागृह निर्माणमा एक हजार वा सो भन्दा बढी मानिस अटाउने क्षमता भएको, विद्यालय वा क्याम्पस निर्माणमा एक हजार पाँच सय विद्यार्थी वा सो भन्दा बढी संख्यामा विद्यार्थी अटाउन सक्ने क्षमता भएको, पच्चीस मिटर वा सो भन्दा बढी उचाई भएको वा एक पटकमा एकसय जना वा सो भन्दा धेरै मानिस अटाउन सक्ने भ्यू टावर दुईहजार वर्ग फिट वा सो भन्दा धेरै प्लिन्थ एरिया भएको संग्रहालय, एकहजार जना वा सो भन्दा बढी मानिस अटाउन सक्ने क्षमता भएको थिएटर हल, दुईहजार जना वा सो भन्दा बढी मानिस अटाउन सक्ने क्षमता भएको रङ्गशाला।

(२) गुणस्तरका आधारमाः

(क) रड, सिमेन्ट लगायतका सामग्री प्रयोग गरी निर्माण गरिने पक्की भवन तथा संरचनाहरु।

(ख) ढुंगा, माटो, काँचो ईटा, काठ, बाँस लगायतका सामग्री प्रयोग गरी निर्माण गरिने संरचनाहरु र त्यस्ता संरचनाहरु निर्माण गर्दा सम्बन्धित स्थानीय सरकारसँग अनुमति लिएर मात्र निर्माण कार्य शुरु गर्नु पर्नेछ।

५. **भवन संरचना निर्माण संहिता सम्बन्धी व्यवस्थाः** (१) यस ऐनको दफा १४ बमोजिमको समितिले वर्गीकरण समेतका आधारमा प्रादेशिक भवन संहिता स्वीकृत गरी लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संहिता स्वीकृत गर्दा भौगोलिक, वातावरणीय, ,मौलिक संस्कृति झल्कने गरी प्रदेशभर एकै किसिमको वा प्रत्येक जिल्ला स्थानीय तह वा निश्चित स्थानको लागि अलग अलग मापदण्ड तयार गरी लागू गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम भवन संरचना निर्माण संहिता जारी भई मापदण्ड तोकिएपछि त्यस्तो मापदण्डको सबै निकाय, कार्यालय, स्थानीय तह र व्यक्तिले पालना गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको मापदण्ड हेरफेर गर्नुपर्ने अवस्था देखिएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका, निकाय कार्यालय वा व्यक्तिले सोको आधार र कारण खोली मापदण्ड हेरफेर गर्न मन्त्रालय समक्ष लिखित प्रस्ताव पठाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएपछि त्यस्तो प्रस्ताव उपयुक्त देखिएमा प्रदेश सरकारले सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्र वा सम्बन्धित स्थानमा लागू हुने गरी मापदण्ड हेरफेर

गर्न सक्नेछ र त्यस्तो हेरफेरको प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र त्यस्तो प्रस्तावको सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गर्नुपर्नेछ तर समिति आफैले संहितामा उल्लेखित मापदण्ड हेरफेर गर्नु आवश्यक महसुस गरेमा कारण र आधार समेत एकिन गरी समितिको निर्णय बमोजिम हेरफेर गर्न सकिनेछ।

(६) कुनै पनि सरकारी वा सार्वजनिक भवन वा संरचना निर्माण गर्दा अपाङ्ग र सेवाग्राही मैत्री किसिमको डिजाईन बनाउनुपर्नेछ।

६. **भवन संहिताबमोजिम भवन निर्माण गर्नुपर्ने:**(१) कुनै व्यक्ति, संस्था वा सरकारलेदफा (४) बमोजिमको भवन संरचना निर्माणको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा नक्सा पासको स्वीकृतीको लागि निवेदन दिनु पूर्व तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष पूर्व अनुमतिको लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गरी थप शर्तहरु तोक्न आवश्यक देखिएमा सो समेत तोकी निवेदन परेको मितिले एक महिनाभित्र भवन निर्माणको लागि तोकिएको ढाँचामा मन्त्रालयले तोकेको निकाय वा अधिकारीले पूर्व अनुमति दिनुपर्नेछ र त्यस्तो अनुमति पत्र समेत संलग्न गरी नक्सा पासको स्वीकृतिको लागि सम्बन्धित गाँउ/नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पूर्व अनुमति दिन नमिल्ने भए सम्बन्धित अधिकारीले निवेदन दिएको मितिले पन्ध्र दिनभित्र पूर्व अनुमति दिन नमिल्नाको आधार र कारण खुलाई निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ।

(४)उपदफा (३) बमोजिमको लिखित जानकारी उपर चित्त नबुझेमा चित्तनबुझ्ने पक्षले पन्ध्र दिनभित्र सम्बन्धित मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ र यसरी निवेदन परेको पन्ध्र दिनभित्र सम्वन्धित मन्त्रालयले अनुमति दिन मिल्ने वा नमिल्ने सम्बन्धमा अन्तिम निर्णय दिनुपर्नेछ।

७. **मापदण्ड बमोजिम नक्सा स्वीकृत गर्नुपर्ने** :(१) गाउँपालिका वा नगरपालिकाले यस ऐन बमोजिम विपरीत हुने गरी भवन संरचनाको निर्माण सम्बन्धी नक्सा पास गर्दा मन्त्रालयले तोकेको अधिकारी वा निकायले दिएको पूर्व अनुमति पत्र अनुसार गर्नुपर्नेछ।

(२) दफा (४) बमोजिमको भवन संरचना निर्माण सम्बन्धमा जाँचबुझ गर्दा कुनै गाउँपालिका वा नगरपालिकाले यो ऐन विपरीत हुने गरी नक्सा पासको स्वीकृति दिएको पाइएमा सम्वन्धित निकाय वा अधिकारीले तत्काल त्यस्तो भवन संरचनाको निर्माण कार्य रोक्का गरी सोको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएमा त्यस्तो प्रतिवेदन उपर छानविन गर्दा मनासिव कारण देखिएमा मन्त्रालयले सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई यस ऐन बमोजिम तोकिएको अधिकारी वा निकायबाट प्राप्त अनुमति पत्र बमोजिम गर्न गराउन लिखित निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले त्यस्तो निर्देशन बमोजिमको आवश्यक शर्त र मापदण्डमा संशोधन गरी लेखिए बमोजिम गर्ने गरी भवन

संरचना निर्माण सम्बन्धमा नक्सा पासको स्वीकृति वा इजाजत दिनुपर्नेछ ।स्वीकृति वा इजाजत दिई सकेको भए आवश्यक शर्तहरु उल्लेख गरी भवन निर्माण कर्तालाई जानकारी दिनुपर्नेछ।

८. <u>**भवन डिजाइन गर्ने व्यक्तिको योग्यताः**</u> (१) भवनको नक्सा र डिजाइन गर्ने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट फरक फरक गुणस्तर र क्षमताका भवन तथा संरचनाहरुको डिजाईन गर्ने व्यक्तिको योग्यता सिभिल, आर्किटेक्ट, स्टक्चरल ईन्जिनियरिङ विषयमा डिप्लोमा ईन्जिनियरिङ उत्तीर्ण गरी नेपाल सरकारद्वारा मान्यता प्राप्त ईन्जिनियरिङ परिषद्मा दर्ता भई भवन तथा संरचना डिजाइनको क्षेत्रमा कम्तिमा एक बर्षको अनुभव प्राप्त गरेको व्यक्ति हुनुपर्नेछ।

९. <u>**व्यापारिक, व्यवसायिक र सेवामूलक भवन निर्माणको संरक्षण, सहयोग र साझेदारी :**</u>(१)दफा (४) को खण्ड (क) प्रयोजनको लागि नीजि क्षेत्रले निर्माण गर्ने भवनहरुको आवश्यक संरक्षण र सुरक्षा गर्ने कार्य तोकिए बमोजिम हुनेछ।

(२) व्यापारिक, व्यवसायिक एवम् सेवाजन्य भवन संरचना निर्माण गर्दा प्रदेश सरकार र निजी क्षेत्र, प्रदेश सरकार र संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह वा संघीय सरकार र प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको आपसी साझेदारीमा निर्माण, व्यवस्थापन र संचालन गर्न सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. <u>**प्रोत्साहन गर्नेः**</u> व्यापारिक, व्यवसायिक र सेवामूलक भवन निर्माण गर्दा नीजि तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ र यसको लागि तोकिए बमोजिम व्यवस्था गरिनेछ।

११. <u>**राजश्व तथा अन्य शुल्कः**</u> यस ऐन बमोजिम भवन निर्माण गर्ने व्यक्ति, संस्था स्थानीय तह वा निकायले प्रदेश सरकारलाई बुझाउनु पर्ने राजश्व तथा अन्य शुल्क/दस्तुर तोकिए बमोजिम हुनेछ।

१२. <u>**सजायको व्यवस्थाः**</u> (१) कसैले यस ऐन बमोजिम पूर्व अनुमति लिनु पर्ने निकायबाट त्यस्तो पूर्व अनुमति नलिई वा स्थानीय तहबाट नक्सा स्वीकृत नगराई वा उल्लिखित मापदण्ड विपरीत हुने गरी भवन निर्माण गरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो निर्माण कार्य तुरुन्त रोक्नु पर्नेछ र सो को जानकारी तत्काल मन्त्रालयले तोकेको निकाय वा अधिकारीलाई दिनुपर्नेछ।

(२) कसैले यस ऐन बमोजिम पूर्व अनुमति नलिई नक्सा वा भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुने गरी भवन निर्माण गरेमा मन्त्रालयले तोकेको निकाय वा अधिकारीले त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिई त्यस्तो कार्य गर्ने निकाय, स्थानीय तह, व्यक्ति वा संस्थालाई पचास हजारदेखि पाँचलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयले भवन निर्माणको कुनै भाग भत्काउने आदेश दिएकोमा सो भाग नभत्काएसम्म त्यस्तो सम्पत्ति कसैलाई पनि कुनै व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न, त्यस्तो निर्माण भएको भवनमा धारा, बिजुली, टेलिफोन आदि वितरण तथा वितरण गरिसकेको भए पनि त्यस्तो धारा, बिजुली, टेलिफोन आदिको लाइन काट्न समेत सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि लेखी आए बमोजिम तत्काल गरिदिनुपर्नेछ।

(४) क्षतिपूर्ति सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः

(क) भवन तथा संरचनाहरुले निर्धारण गरेको भारवहन गर्न नसकी, आवश्यक गुणस्तर नभएको कारणले उक्त संरचनाको तोकिएको आयु अगावै दुर्घटना भई जनधनको क्षति भएमा उक्त भवन तथा संरचना निर्माण गर्ने व्यक्ति वा संस्थाले निर्माण सम्पन्न भए पश्चात गुज्रेको अवधिको ह्रासकट्टा गरी तत्कालीन अवस्थाको अधिकार प्राप्त निकायबाट मूल्यॉंकन गरी नोक्सान भएको लागत रकमको पचास प्रतिशत रकम क्षतिपूर्ति दिनुपर्नेछ।

तर दैवि प्रकोप (भूकम्प, बाढीपहिरो, आगलागी, चट्याङ) का कारण भवनको क्षति भएको अवस्था माथि उल्लेखित क्षतिपूर्तिको प्रावधान लागू हुने छैन।

(ख) दफा १२ (४) (क) बमोजिमका क्षति भएका भवन तथा संरचनाको डिजाइन, सुपरीवेक्षण गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित निकायले एक लाखदेखि पाँच लाखसम्म जरिवाना गर्न सक्नेछ।

(ग) कुनै भवन तथा संरचना निर्माणाधिन अवस्थामा वा दफा १२(४)(क) बमोजिमको अवस्था परी कसैको मृत्यु भएमा सम्बन्धित निकायले मृतकको परिवारलाई सम्बन्धित निर्माण व्यवसायीबाट पाँचलाख क्षतिपूर्ति भराउन लगाउनु पर्नेछ । साथै सोही कारणबाट घाइते भएमा घाइतेको औषधि उपचार निर्माण व्यवसायीबाट गराउने व्यवस्था सम्बन्धित निकायले गर्नु पर्नेछ।

(५) सार्वजनिक एवम् सरकारी भवन निर्माण गर्ने सम्झौता भएको मितिभित्र काम शुरु नगर्ने निर्माण व्यवसायीलाई सचेत गराउने र तोकिएको समय भित्रमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई म्याद थप हुने अवस्था नरहेमा प्रत्येक दिन लागत मुल्यको ०.१ प्रतिशत रकम सम्बन्धित निकायले जरिवाना गर्न सक्नेछ।

१३. <u>पुनरावेदनः</u> दफा (१२) को उपदफा (२) र (४) बमोजिम सजाय गरिएकोमा चित्त नबुझेमा त्यस्तो आदेश पाएको मितिले तीस दिनभित्र सम्वन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

१४. <u>भवन निर्माणव्यवस्था सुदृढीकरण तथा व्यवस्थापन समिति</u> :(१) भवन निर्माण तथा व्यवस्थापनका सम्बन्धमा प्रदेश र स्थानीय तह तथा प्रदेश र संघ बीच आवश्यक समन्वय र सहकार्य गर्न तथा यस ऐन बमोजिम भवन निर्माणसम्वन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश सरकारले एक भवन निर्माण व्यवस्था सुदृढीकरण तथा व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको गठन देहाय बमोजिम हुनेछः

(क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय – अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य

(घ) प्रमुख वा उपप्रमुख सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका -सदस्य

(ङ) समितिले तोकेको विषय विज्ञ दुईजना -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(च) प्रदेशस्तरीय निर्माण व्यवसायी संघको प्रतिनिधि -सदस्य

(छ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य सचिव

(३) भवन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस ऐन बमोजिम भवन संहिता स्वीकृत गर्ने।

(ख) भवन संरचना निर्माणसम्बन्धी समस्या वा विवाद उत्पन्न भएमा त्यस्तो समस्या वा विवादका सम्बन्धमा आवश्यक निर्णय गर्ने वा निर्देशन दिने।

(ग) प्रदेश सरकारलाई भवन संरचना निर्माण सम्बन्धमा आवश्यक नीतिगत सुझाव दिने।

(घ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

१५. <u>पुनरावेदन र खर्चको असुल उपर</u> : (१) यस ऐन विपरीत हुने गरी कसैले भवन संरचना निर्माण गरेमा र त्यस्तो निर्माण रोक्का राख्न वा भत्काउन आदेश दिएकोमा त्यस्तो आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले निर्माण कार्य रोक्का राखी आदेश भएको मितिले तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्नुपर्नेछ र पुनरावेदन परेकोमा सम्बन्धित निकाय अधिकारी वा स्थानीय तहले फैसला बमोजिम गर्नुपर्नेछ र पुनरावेदन नपरेमा पुनरावेदन गर्ने म्याद नाघे पछि आदेश बमोजिमको कार्य गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायले त्यस्तो भवन वा त्यसको कुनै भाग नभत्काएमा भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको निकाय वा अधिकारीले त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (२) बमोजिम भवन वा त्यसको कुनै भाग भत्काउँदा भरमग्दुर प्रयास गर्दा गर्दै पनि भत्काउनु पर्ने भागभन्दा बढी भाग भत्किन गएमा मन्त्रालय जवाफदेही हुने छैन र त्यसरी भत्काउनु पर्ने भन्दा बढी भाग भत्किन गई क्षति पुग्न गए वापत सम्बन्धित व्यक्तिले क्षतिपूर्ति माग गर्न पाउने छैन।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायले भवन वा त्यसको कुनै भाग भत्काउँदा सम्बन्धित गाउँपालिका अथवा नगरपालिकामा कम्तीमा तीन दिन अगावै जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको जानकारी दिए पनि त्यसरी भवन संरचना भत्काउँदा सम्भव भएसम्म गाँउ/नगरपालिकाको प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष वा वडा अध्यक्ष मध्ये कोही एक जनाको रोहवरमा निजहरु उपस्थित नभए एक जना वडा सदस्य र अन्य दुईजना स्थानीय बासिन्दालाई रोहवरमा राख्नु पर्नेछ।

१६. <u>सहयोग गर्नुपर्ने</u>: दफा (१६) को उपदफा (२) बमोजिम मन्त्रालयले भवन वा त्यसको कुनै भाग भत्काउँदा कसैले बाधा विरोध गरेमा स्थानीय प्रशासन तथा सम्बन्धित गाउँपालिका, नगरपालिका वा

अन्य सम्वन्धित निकायको सहयोग माग गर्न सक्नेछ र त्यसरी सहयोग माग भएमा सम्वन्धित निकायले आवश्यक सहयोग गर्नुपर्नेछ।

१७. **आदेश दिन सक्ने:** प्रदेश सरकारले कुनै जोखिमयुक्त वा विशेष क्षेत्रहरु घोषणा गरी त्यस्ता क्षेत्रहरुमा भवन निर्माण नगर्न आदेश दिन सक्नेछ र ज्यादै पुराना तथा जोखिमयुक्त भवनहरुलाई भत्काउन र सुदृढीकरण गर्न समेत आदेश दिन सक्नेछ।

१८. **सूचना प्रकाशन गर्नु पर्ने:** प्रदेश सरकारले भवन संहिता लागू गरिएको सूचना सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

१९. **अधिकार प्रत्यायोजन:** मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार स्थानीय तह वा मातहतका निकाय वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **यसै ऐन बमोजिम हुने:** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. **वाधा अड्काउ फुकाउन सक्ने**: यो ऐनको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले यो ऐनको प्रतिकूल नहुने गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

२२. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १